कथा

# अनुभूति




म जहाँ गए पनि एक्लो महशुस गर्छु । कतै कसैले फलाकेको आदर्शको गन्ध मिश्रित वाणी सम्झेर आफैँलाई ठम्याउने कोशिस गर्छु ।

मानिसले घेरिएको भीडमा गएर हेर्छु । आफ्नै परिवारमा बसेर म एक्लो होइन भन्ने कुरा सावित गर्ने प्रयास गर्छु । एकान्तमा एक्लै बसेर बुझ्ने प्रयास गर्छु, तर बदलामा केही पाउँदिनँ । र, सोँच्छु - के म एक्लो हुँ ?

एक्लो के हो ? कसरी हुन्छ ? - एक्लो भन्नेबित्तिकै एकलकाँटे बुझ्दा रहेछ मान्छेहरू ? म पनि त्यहीँ बुझ्छु जो मान्छेहरूले बुझ्ने गर्दछन् । मभित्र मौलाएको जिज्ञासालाई थेक्न सक्दिनँ म । मलाई “म” हेर्न मन लाग्छ । मलाई “म” चिन्न मन लाग्छ । म एक्लो हुँ या होइन ? - आमालाई सोध्न मन लाग्छ ।

आमा हुँदिनन् सोच्नेबित्तिकै साथमा । आफ्ना लागि आफैँले गरेको उटपट्याङ्ग प्रश्नको उत्तर खोज्न आफू ठूलो ऐनाअगाडि उभ्याउँछु । मुटुको स्पन्दन र मस्तिष्कलाई भावनाको विशाल लबीमा राखेर मिटिङ गर्छु । क्रमश: एक्लो मान्छेलाई नियन्त्रणमा राखेर सञ्चालन गर्ने शरीरमा अवस्थित अंग-अंगका बारेमा चिन्तन गर्छु ।

जब म ऐनाको सामीप्यमा पुगि आफैँभित्र हराएँ । नियालेँ - मलाई ऐनासम्म जाऊँ भन्नी आदेश दिने चेतना, त्यहाँसम्म पुग्न सहयोग गरेका दुई खुट्टा, बाटो हेर्न साथ दिने दुई नयन, ऐनालाई भित्तामा झुन्ड्याउन साथ दिएका दुई हात, मभित्र रहेका अनेक अंगहरू, दुई सय छ वटा हड्डीका टुक्रा मिलेर बनेको सग्लो शरीर । यति धेरै कुराहरू मिलेर बनेको म कसरी एक्लो भएँ ? एकाएक मभित्र ढाई सय भोल्टको करेन्ट खसेको आभास भयो - म कसरी भएँ एक्लो ?

अहँ, म एक्लो होइन । म एक्लो छैन । मलाई “म” बनाउन यत्ति धेरै कुराहरू एकसाथ छन् । हुनसक्छु म गलत । मेरो भावनाको ठम्याई गलत छ । बाहिरी दुनियाँले देख्दा म एक्लो नै हुँ, तर एक्लो मलाई सयौंको भीडले नभएर मभित्र रहेका अनेक अंगहरूले नियन्त्रणमा राखेका छन् । सग्लो म बन्न यति धेरै विशिष्ट अंगहरू मसँगै छन् । म कसरी एक्लै भएँ ?

मन र मस्तिष्कको अन्तर्द्वन्द्वले मेरो चैतन्य कमजोर भएको छ । मेरो तन्नेरी हटले दैनिकी बिग्रँदै गइरहेको छ । यी कुराको जानकारी ऐना अगाडि उभिएको मेरो आकृतिले जनाउँदैछ । कतै म आफैँलाई उल्लू बनाएउँदै त छैन ? आफैँले गरेको स्वघोषित निर्णय सही हो कि गलत ? आफैँ निर्णयविरुद्ध जाने मनले प्रेरित गर्छ, तर मस्तिष्क मान्दैन । मन भन्छ - तिमी एक्लो छौ । मस्तिष्क भन्छ, तिमी एक्लो छैनौ । कसको पक्षपोषण गरौं ? द्विविधामा फसेको छु । भावनामा फुरेको सहज प्रश्नले मलाई अफठ्यारोमा पारेको छ । मलाई थाहा छ, यो कुनै ठूलो प्रश्न होइन जो लोकसेवाको परीक्षामा सोधियोस् ।

यो कस्तो उल्झन ? बिना कारण उल्झिरहेको छु, तर उल्झन ठम्याउन सकेको छैन । फाल्तुका प्रश्नको बेकामे उत्तर खोज्दा-खोज्दै सकिन्छ होला जिन्दगी । जिन्दगी यस्तै पो हो कि क्या हो ?

एक साँझ, शनिबार । हाँडीगाउँमा रहेको डेराबाट चाबाहिलसम्म जाने योजना बन्यो । गणेश मन्दिरमा साँझको आरती चल्दै थियो । मीठो धूपबत्तीको सुगन्ध, आरतीमा गुन्जेको मीठो भजन । मन त्यसै पुलकित भयो । एक्लो हुँ भनेर हिँडेको ‘म’ सयौंको भीडमा मिस्सियो । म एक्लो छैन जस्तो लाग्यो । मनको हार भयो, मस्तिष्कको जित । मस्तिष्क खुशीले ठूलो आवाजमा चिच्यायो - मैले त पहिले नै भनेको तिमी एक्लो हुँदै होइनौ भनेर तर तिमीले मनको कुरा सुनेर मेरो कुरा मानेनौं ।

म चुपचाप अनुभूति सँगालेर बसिरहेँ ।

मन्दिरको मांगलिक वातावरणले चाबाहिलसम्मको यात्रालाई बढाएर पशुपतिनाथसम्म पुग्ने निर्णय गरायो । केहीबेरको हिँडाइपछि पशुपति पुगेँ । मलाई धेरै मन पर्ने ठाउँ पशुपति अनि सँगै अवस्थित आर्यघाट । आर्यघाटले कहिल्यै कसैलाई विभेद गरेको देखेको छुइनँ । जो जस्तोसुकै हैसियतको भए पनि समान र समावेशी व्यवहार गरेको पाएको छु ।

म आफ्नै निजी मनगणन्ते प्रश्नको उत्तर खोज्दै पुगेको थिएँ पशुपति जुन प्रश्नको उत्तर अपरिहार्य थिएन । मनमनै दर्शन गरे भोलेनाथको । श्रद्धालुहरूको भीडमा हराउँदै टहलिए केहीबेर । बागमतीले आफ्नो धर्म भुलेको थिएन, बग्दै थियो शहरको दुर्गन्धित रहरहरू बगाउँदै । खोलाछेउमा रहेका चिताहरू प्राय: खाली थिए । एउटामा चाहिँ एक भूतपूर्व जिन्दगी जल्दै थियो । मनमनै श्रद्धाञ्जली अर्पण गरेँ मृत आत्माप्रति । जिउँदो जिन्दगीले मरेको जीवनलाई नदेखेको स्वर्गमा पुग्ने शान्तिको कामना गर्नु राम्रै होला !

पाइला अगाडि लम्की रहे, तर मेरो पुग्नुनै पर्ने कुनै गन्तव्य थिएन । पशुपतिनाथ मन्दिर पारि रहेको एउटा बास बस्न लागेको बेन्चमा गएर बसेँ - मन्दिर, मूर्ति, यताउती गर्दै गरेको मान्छेहरूको चहलपहलको दृश्यपान गर्दै । सन्ध्याकालीन आरतीको मीठो धून, घन्टी, शंख र डमरुको मीठो आवाजले मनमा एक प्रकारको शान्ति बिस्तारित हुँदै गयो । वरिपरि कोही थिएन - एक्लो म अनि सिङ्गो बेन्च । छेउमै बूढा भएको रुखहरू । मनमा एक प्रकारको उर्जा भरिएर आयो - आस्थाका देव महादेवको प्रांगणमा पुगेर होला । तथापि मनभित्रको कौतुहल साम्य भएको थिएन अझै ।

साँझ छिप्पियो, र रातमा परिणत भयो । एक्कासि मेरो कानमा एम्बुलेन्सको आवाज ठोक्किन आइपुग्यो । आवाज झन्झन् नजिक भएको आभाष हुँदै थियो । मनमनै भनेँ - यति राति अस्पतालको बाटोमा हुनुपर्ने एम्बुलेन्स किन आर्यघाटमा ? मेरो जिज्ञासा केही मिनेटमै हल भयो । शव वहानको सट्टा एम्बुलेन्सले नै एउटा शव लिएर आएको रहेछ । शवका आफ्नाहरू शवलाई निमेषमै निकाले । शवलाई ब्रम्हनालसम्म पुऱ्याए, र पालै-पालो पानी चढाए । केही पर शवका लागि चिता तयार हुँदै थियो । आफन्तका अनुहारमा पीडा झल्केको थियो । कोहीँ रुँदै थिए । यावत् दृश्यलाई नजिकै गएर हेरिरहेको थिएँ म । फर्कनुपर्ने बेला भइसकेको थियो तर पनि छेउमा बसेर सबै सबै अवलोकन गरिरहेँ - एउटा जिन्दगीको अन्त्य हुँदै गरेको अवस्था । यसरी पहिले कहिल्यै नियालेर हेरेको थिइनँ एउटा जिन्दगीको अन्तिम संस्कार । हुन त म त्यो पार्थिवको आफ्नो मान्छे होइन, तर भावना भएको मान्छे पक्कै थिएँ । मान्छे हुनुको नाताले थोरै दुखेँ ।

सम्भवत रात धेरै भएकाले होला, एक जना पण्डितले छरितोसँग विधि पूरा गरे । बडेमानको पार्थिव शरीरलाई पाँच-सात जना मिलेर चितामा राखे । छोरा होला जसले मुखमा तेलमा भिजेको कपासको बत्ती ख्वायो । चारै सूरमा आगो लगायो, र बिस्तारै शवले आगो लिन थाल्यो ।

म अझै नजिक गएर हेरिरहेँ । जल्दै गरेको शवभित्र प्राण थिएन, कुनै मुढो जस्तै भएर जलिरह्यो । क्रमश: शरीरको एक एक अंगहरू आगोसँगै बले । नबल्दा सँगै हातमा घोचा लिएर बसेको घाटेले घ्यू थपी थपी जलाए ।

एकोहोरो भएर टोलाइरहँदा मनमा अनायासै फुरेको प्रश्न पुन: नजिक भयो - के म एक्लो हुँ ? हो जस्तै लाग्यो चितामा जलिरहेको त्यो जिन्दगी देख्दा । उनीसँग धेरै मान्छेहरू थिए । उनलाई बाँचुन्जेल मिल्यो होला साथ सबैको । आज उनको मृत्यु भयो, सँग सँगै जाने कोही थिएन, एक्लो थिए । नितान्त एक्लो । आउँदा एक्लै आएका थिए, जादाँ एक्लै जाँदैछन् । शून्यतामा बिलीन हुँदै ।

रात निक्कै बितिसकेको थियो । जल्दै गरेको शव खरानीमा परिणत भयो । हेर्दाहेर्दै चिता पहिला जस्तो थियो उस्तै भयो । शवको अन्तिम यात्रामा उपस्थित मलामी फर्के । म पनि उनीहरूकै पछि-पछि लागेर बासस्थानतर्फ मोडिएँ । फर्कँदै गर्दा लाग्यो - मैले मेरो प्रश्नको उत्तर पाएँ ।

लघुकथा

# बिहानीको प्रतीक्षा



✍आरसी रिजाल

आज स्कुलको हेडसरको जन्मदिन । सर कक्षा ८ का विद्यार्थी लिएर बृद्धाश्रम पुग्छन् । विद्यार्थीले पनि जन्मदिनमा फजुल खर्च नगरी सामाजिक कार्यमा सहयोग गर्न सिकुन भन्ने सरको आशय हो । उहाँले ३० जना विद्यार्थीको हातमा एक-एक वटा मिठाइसहित फलफुलको पाकेट थमाउनु हुन्छ ।

मिठाइ बाँड्ने क्रममा रितेशले आफ्नो हजुर आमालाई देख्छ । नाति र हजुरआमा अंगालिएर रुन थाल्छन् । उ ५ कक्षा पढ्दा बुवाले तिम्रो हजुरआमाले सहरको दुषित हावापानी फापेन भन्नू भएकोले पहाडको घरमा राखेर आएको छु । उहाँ रमाएर बस्नु भएको छ भनेका थिए ।

त्यस साँझ रितेशले बुवाआमालाई तपाईहरुले मलाई जन्माउनु भयो । दिनभर तपाईंहरु काममा जानुहुन्थ्यो । मलाई तेते ताइताइ गर्ने, को खाई को खाई भनी खुवाउने, आची धोइदिने, बिरामी पर्दा थुमथुमाएर सुताउने र उहाँले तपाईंलाई पनि त्यसरी नै हुर्काउनु भएको होला । आज हजुरआमालाई भेटेपछि मेरो हृदय छिया-छिया भएको छ । जबसम्म आश्रमबाट हजुरआमालाई घर ल्याउन हुन्न तवसम्म म एक थोपा पानी पनि पिउँदिन । नत्र भविष्यमा तपाईंहरु कै संस्कारको सिको गर्छु भन्यो ।

आज राती बाबु-छोराका आँखा झिमिक्कै भएको छैन । उनीहरु भोलि बिहानीको प्रतीक्षा छन् ।

# दुब्लो



✍श्यामप्रसाद श्रेष्ठ

‘छोरा ! तैंले यो के गरिस् ?’

प्रहरीले हातमा हत्कडी लगाएर ल्याएको आफ्नो छोरालाई देखेर मुसुलधारे आँसु झारेर रुँदै एक महिलाले सोधिन् ।

छोराले टाउको निहुरायो । केही क्षण मौन रहेर बिस्तारै भन्यो, ‘आमा, के गर्नु ? तपाईंले सधैं धनी बन भन्नु हुन्थ्यो...’

....अनि हिजो बेलुका बजारबाट फर्किँदै गर्दा एक जना मानिस एउटा घरको भित्तामा दुलो बनाउँदै गरेको देखेर मैले सोधेँ, ‘के गर्दैछौ ?’

उसले भन्यो, ‘धनी बन्ने बाटो बनाउँदैछु ।’

अनि मैले सम्झिएँ, तपाईले धनी बन भन्नु भएको । अनि सोचे यही बाटो पो रहेछ धनी बन्ने ! अनि मैले पनि नजिकैको अर्को घरमा दुलो बनाउन थालेँ... त्यहिबेला प्रहरी आइपुगे र यो हाल भयो, ‘आमा !’

*हेटौँडा, चौघडा*

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

सम्पादक

कथा

# सम्बोधन समयलाई




प्रिय समय !

कहिलेकाहीँ तिमी मप्रति हदभन्दा ज्यादा निर्दयी बनिदिन्छौ । कठोर बनिदिन्छौ । अप्रिय बनिदिन्छौँ यद्यपि तिमीलाई ‘प्रिय’ भनेरै सम्बोधन गर्न मन लाग्छ । आज तिमीलाई मैले धन्यवाद दिइनँ भने म कृतघ्न ठहरिने छु किनकि आज म जति बलियो छु त्यसको कारक तिमी नै हौ ।

तिमी मप्रति कठोर नबन्दाका पलसम्म निकै डरपोक थिएँ । काँतर थिएँ । साना दु:खले पनि हतोत्साही हुने साह्रै निम्छरो थिएँ । जब तिमीले मलाई धकेल्न थाल्यौ, म दह्रोसँग उभिन सिकेँ । जब तिमीले मलाई निमोठ्न थाल्यौ, म हाँगाबिँगामा फैलिन थालेँ । जब तिमी लोहाको बज्र बनेर मेरो शिरमा बज्रिन थाल्यौ, म स्पात बनेर थापिन थालेँ । तिमीलाई घृणा यस कारण पनि गर्न सक्तिनँ कि तिमी आफैँ घाउहरू बनाइदिन्छौ अनि आफैँ मलम बनेर सन्चो बनाइदिन्छौ । यी हेर न यो शरीरमा कति छन् चिरफारका खत ! तर तिनी पहिलेझैँ कहाँ दुख्छन् र ! समयसँगै ती अब स्मृति बनेँ । एउटा अनुभव, सिकाइ र संघर्षका प्रेरणा बनेँ ।

तिमीलाई थाहै छ, कुनै दिन तिमीले भेन्टिलेटरमा कृतिम सास लिनुपर्ने अवस्थासम्म पुऱ्याएका थियौ । त्यस पलमा मैले हिम्मत हारेकी भए ? मैले आस छाडिनँ र सासले साथ दियो । सासले धोका दिएन र त तिमीले लास बनाउन सकेनौ । यो मनुष्य चोलामा जन्मदाखेरि नै फिर्ती टिकटसहित पाहुनासरि आएको हो । तब फेरि यो छोटो बँसाइमा कति बिथोल्छौ तिमी ? यो छोटो बँचाइमा कत्तिचोटि परीक्षा लिन्छौ तिमी ?

अचम्म पनि लाग्दो हो तिमीलाई ? तिम्रो अनुमानभन्दा ज्यादा जब्बर निस्केँ है म ! हुन त बारबार तिमीले मेरो शरीरलाई प्रयोगशाला जो बनाएका छौ । केसम्म खपिनँ र मैले ? रोमरोममा सुई रोपेर चाल्नोजस्तो छाला, मुटु धड्काउने, सास चलाइदिने जिम्मा भेन्टिलेटर लाई दिएर कति कोर्रा हान्यौ आइसियुका चिसा बेडहरूमा ? पानी-पानी भनेर मेरो सास घाँटीसम्म आएर घिटघिटाउँदा ‘ओठमात्रै भिजाइदिने हो पानी खान मिल्दैन’ भन्न आइपुग्थे नर्सहरू । अहो ! त्यो काकाकुलको भन्दा व्याकुल तिर्खा ! कसरी बिर्सन सक्छु म । उफ ! तैपनि प्रेम गर्छु म तिमीलाई । आफ्नो शरीरमा आफ्नोभन्दा डोनरको रगत धेरै बग्नु, आफ्नो फोक्सोमा आफूले फेरेको भन्दा सिलिन्डरको हावा धेरै भरिनु, आफ्नै हात र गोडा चल्छन् कि चल्दैनन् भन्ने थाहा पाउन नर्सलाई सोध्नपर्ने अवस्था हुनु । अहो ! त्यो पीडाबाट मुक्ति पाउनका लागि गरिएको आर्तनाद ! आफ्नै सन्तानले आफैँलाई देख्दा तर्सेर भागेको आफैँले देख्नु पर्ने । त्यो कृशकायबाट छुटिरहने आहतको आवाजहीन चित्कार । त्यसको पीडा नाप्ने कुनै यन्त्र छ तिमीसँग ? कुन जन्मको रिसिवी साँधेको हो तिमीले मसँग ? बिरालोले जिउँदो मुसो खेलाउँदा खेलाउँदै शिथिल पारेपछि खान आँट्दाको जस्तो पछार्न सम्म पछार्यौ । लघार्नसम्म लघार्यौ । तिमीलाई लागेको हुँदो हो, अब यो जिउँदो लास भइसकी । घोषणा गरिदिएको बखत ओड्याइने छ सेतो कपडा । निठुर समय ! तिम्रो अनुमान गलत थियो । तिमीले मेरो धड्कन र रगतको नाडी छाम्यौ तर मेरो आत्मविश्वासको नाडी छाम्न सकेनौ । म उठेँ- खरानीबाट फिनिक्सजस्तै । पहराको कापबाट तृणजस्तै । मेरा जिजीविषा तिम्रा ज्यादती भन्दा जब्बर निस्के । तिमी हाऱ्यौ हारेनौ थाहा छैन तर मैले जितेँ ।

तिमीलाई थाहै छ, अक्सर अप्रेसन भनेपछि मान्छेहरूको सातो जान्छ । मलाई त एकपटक होइन दुईपटक होइन, दश-दश पटक पुऱ्यायौ त्यो मृत्युजस्तो कहालीलाग्दो अप्रेसन थिएटर भित्र । हेर त तिमीले हातमा ब्लेड, सिजर, स्विचर र निडल लिएर मलाई लखेट्न थालेको पनि साढे दुई दशक हुन थालेछ । पहिलोपटक क्यानुला लगाउँदा र क्याथरडल निकाल्दा कति अत्तालिएकी थिएँ । सासै फुस्केलाजस्तो । अब त नर्सले हातमा क्यानुलाको सुइरो घुसार्दै गर्दा हेरिरहन सक्छु । नर्स मेरो निडरपनलाई देखेर छक्क पर्छे । अन्तस्करणबाट मरिगए एक सर्को आत्था निस्किँदैन । कहाँबाट आएको यो सहन सक्ने शक्ति ? शायद मेरो यही शक्ति माथि इर्ष्या छ तिमीलाई र देखाइरहन्छौ आफ्नो बर्बर रूप ममाथि ।

तिमीलाई थाहा छ, यसपटक अप्रेसन थिएटर मा मैले के गरेँ ? नर्सले ओटीतिर लैजाँदै गर्दा पहिलापहिला मैले मेरा बालबच्चा र जीवनसाथीलाई सम्झन्थेँ । अहो ! केही भएर म बेहोस भएको भयै भएँ भने के होला तिनको हालत ? जब उनीहरूको सम्झना आउँथ्यो मेरो पीडा दोब्बर भएर आउँथ्यो । यसपटक भने मैले केटाकेटीलाई खासै सम्झिनँ । अब उनीहरू आफ्ना खुट्टामा उभिइसकेका छन् । कथंकदाचित मलाई केही भइहाल्यो भने पनि उनीहरू बाँच्न सक्छन् । आधाबाटोमै सहयात्रीको साथ छुट्नु, यो पनि संसारमा कसैलाई नघटेको घटना होइन । जीवनसाथी भन्नु पनि आधा बाटोमै भेटिएर छुट्ने बेला छुट्टाछुट्टै जाने सहयात्री न हुन् । सँगै आएर सँगै को गएको छ र म जोडी छुट्ने डरमा रोइकराई गरुँ ? मलाई चिन्ता त ती पात्रहरूको भयो जो मेरा अपुरा आख्यानमा मेरो कलमको प्रतीक्षा गरेर बसिरहेका हुन्छन् । प्रत्येक पात्रका आ-आफ्ना कथा छन् । कोही मिलनका आसमा, कोही मुक्तिको आसमा, कोही उज्यालोको आसमा त कोही उद्दारको आसमा मलाई कुरिरहेका हुन्छन् । म मरिहालेँ भने ती सारा पात्रहरू अभरमा पर्नेछन् । मबाहेक कसैले पनि उनीहरूलाई गन्तव्यमा पुऱ्याउन सक्नेछैन । म भक्कानिएँ ती मेरा मानस सन्तानहरू सम्झेर जसलाई नौ महीना होइन वर्षौंसम्म मनमस्तिष्कमा राखेर जन्माएँ । उनीहरूसँग मेरो उत्तिकै प्रेम छ जति मेरा प्रियजनको छ । उनीहरूसँग गरेको प्रतिबद्धता छ, उनीहरूको गन्तव्यसम्म नपुगुन्जेल साथसाथ हिँड्ने । त्यसैले पनि वार्डबाट स्ट्रेचरमा ओटीतिर गुडाउँदै गर्दा मैले याचकले सरी तिम्रा हात समाएकी थिएँ प्राणरक्षाको भीख माग्दै । तिम्रो गतिलाई मेरा हातले के रोक्थे । म हुलिएँ ओटीको सिरिङ्ग हुने क्याबिनभित्र । अप्रेसनमा खटिएका सर्जन र एनेस्थेटिस्टको टोलीले अप्रेसनका लागि मलाई तयार गरिसकेपछि मुखमा मास्क लगाउन खोज्दै भने, “अब यसबाट सास तान्नु है ।” त्यो मास्कको सर्को कस्तो ज्यानमार सर्को, दुई सर्को तान्न नपाउँदै अचेत । यसपटक मलाई अचेत हुनबाट डर लागिरहेको थियो किनकि एकपटकको अप्रेसनमा म अचेत अवस्थाबाट होस फर्कन एक हप्ता लागेको थियो । मलाई चोटदेखि डर थिएन । काट्दा हुने दुखाइको चिन्ता थिएन तर मेरो श्वासप्रश्वास फर्कन भने ? पहिलेजस्तो घाँटीमा कृतिम स्वासनली घुसार्न पर्यो भने ? भित्रभित्र आँशु डबडबाएका थिए तर आत्मविश्वास साथ भनेँ, “डाक्टर साब एनेस्थेसिया नदिइकन अप्रेसन गर्न मिल्दैन ? म जत्ति पनि दुखाई सहन सक्छु तर किन किन मलाई बेहोस हुनबाट डर लागिरहेको छ ।”

डाक्टरहरू मुखामुख गरे । एकछिन वाल्ल परे । बास्तवमा मलाई आफैँले आफ्नो अप्रेसन भइरहेको हेर्ने मन थियो । कतै सुनेकी थिएँ, पहिलेपहिले अप्रेसन थिएटरमा अप्रेसन गरेको हेर्ने दर्शक हुन्थे रे । त्यसैले अप्रेसन कक्षलाई अन्य नाम नदिएर ‘थिएटर’ भनिएको रे । मलाई मेरै अप्रेसनको दर्शक बन्ने मन थियो । मनको कुरा भन्न त सकिनँ फेरि पागल सोच्लान् भन्ने डर पनि थियो । मेरो चिन्ता सुनेर एकजना डाक्टरले मेरो हात समाउँदै ढाडस दिँदै भने, “होइन पेटभित्र चिरफार गर्नुपर्ने अप्रेसन हो । सहन सक्ने त कुरै हुँदैन नि । तपाईं नडराउनुस् हामी छौँ ।” म निरीह भएर चारैतिर आँखा डुलाएँ । आँखा माथि उज्याला प्रकाशवाला लाइट धपक्क बले । कोठा प्रकाशमय भयो । अप्रेसन थिएटरलाई थिएटर नाम राखेकोमा गुनासो भरियो मनमा । मुखमा मास्क जोडियो । जे त होला भनी जीवनभरिलाई पुग्नेगरी सास तानेँ । आँखै तिरमिराउने उज्यालोलाई एकै निमेषमा निभ्यो ।

आँखा खुल्दा तिमी मेरो बेड छेउमै थियौ । तर खोइ तिम्रो सान्त्वनाको एक शब्द ? सहन सक्ने मान्छेमा मात्रै परीक्षण गर्दो रहेछ कि प्रकृतिले जस्तो पनि लाग्यो । सोह्र वर्षअगाडि नै डाक्टरले आस मारेको आइसियुको एउटा जिद्दी प्यासेन्ट थिएँ म । डाक्टरले कुरा गरेको सुन्थेँ, ‘एनेस्थियाले पनि पुरै लट्ठाउन नसक्ने कस्तो जब्बर प्यासेन्ट हो ।’ हुन त मानव अस्तित्व नै संघर्षको परिणती हो । करोडौं शुक्रकीटहरूसँगको महायुद्ध जितेर भ्रुण बन्नु नै एउटा चुनौती हो । आमासँग जोडिएका मन, मस्तिष्क, रक्त प्रवाह, श्वासप्रश्वास जस्ता असंख्य भौतिक र अभौतिक जोडनबाट चुडिँदैचुडिँदै अर्कै लोकमा जन्मनु र नयाँ वातावरणमा घुलमिल हुनसक्नु पनि सानो चुनौती हो र ? यस अर्थमा पनि तिमी जति निठुर छौ त्यति लाग्दैन । शायद त्यसैले पनि तिमीप्रति क्षमाशील बनिदिन्छु ।

कहिलेकाहीँ त तिमीलाई धन्यवाद पनि भन्न मन लाग्छ । धेरैपटक ‘धन्न बाँचियो’ भन्ने पलबाट गुज्रनुले एउटा राम्रो काम के गर्दो रहेछ भने प्रत्येक पललाई सेलिब्रेसन गरेर बाँच्ने हौँसला दिँदोरहेछ । जसले जिन्दगी नै बोनसमा पाएको छ उसले जिन्दगीसँग के गुनासो गर्ने ? प्रत्येक दु:ख र सुख नै यसका परिपूरक हुन् भनेर स्वीकारि सकेपछि दु:खमा आत्तिएर रोइकराई गर्नु र सुखमा उन्मुत्त हुने भन्ने नै नहुँदो रहेछ । अनि मृत्युसँग धेरैपटक साक्षात्कार गरिसकेको मान्छेलाई जीवनमा आइपर्ने सानातिना दु:ख त जीवनलाई समालोचना गर्ने र आफैँतिर फर्केर हेर्न सिकाउने श्रृङ्खलाजस्तो लाग्दो रहेछ । कसैसँग कुनै कुरामा पनि रिस, राग, द्वेष, घृणा भन्ने चिज मनमा नै नआउँदोरहेछ । न कसैसँग प्रतिशोध न प्रतिस्पर्धा । प्रतिस्पर्धा छ त केवल अघिल्लो पलभन्दा पछिल्लो पल कसरी सुमधुर र सुखद बनाउने भन्ने । उसो त जिन्दगी एकैनास एउटै रेखामा कहाँ चल्छ र ? छातीमा धड्कन चलिरहेको पनि सकुशल हुन्जेल कहाँ याद रहन्छ र ? कि कम धड्क्यो भने हेक्का हुन्छ कि ज्यादा ।

आमाको गर्भबाट जन्मिएपछि पहिलोपटक आँखा खोल्दा तिमीलाई देखेको थिएँ । मुस्कुराउँदै मेरा कलिला औँला थामेको हिजोजस्तो लाग्छ । तिनै हात समातेर मैले तातेताते गर्न सिकेँ । तिनै हातले फेरि धकेलिदिन्छौ मुख बाइरहेको मृत्युतिर । तिम्रो यो बहुरूपी चालादेखि पनि म आजित हुन्छु घरिघरि । कति धेरै मुकुन्डा तिम्रा ? कहिले जन्मको रूपमा आउँछौ त कहिले काल । कहिले उल्लासका रूपमा आउँछौ त कहिले विनासका । कम्ता छली छौ तिमी ? तर म बुझ्छु, मलाई सक्काउने नै मनसाय भएको भए त आज यो एकाउन्नौँ जन्मदिन कसरी मनाउन पाउँथेँ र म ? आखिर मैले नबोलाए पनि मेरो जन्मदिनको केक काट्न तिमीलाई नै हतार छ । थर्थराएका गोडाहरूले उभिन र बाउँडिएका हातहरूले केक काट्न उत्साहित पारेका छौ मलाई ।

प्रिय समय ! जे जति छल्यौ माफ गरिदिएँ आजदेखि । तर एउटा कुरा भन न ! तिमीलाई मान्छेको कालगति थाहा हुन्छ कि हुँदैन ? थाहा छ भने सुटुक्क भनिदेऊ न, मैले अझ कति वर्षसम्म तिम्रो कोर्रा खान परिरहने हो ?

भन्दैनौ ? ल ठिकै छ ।

तिमीले भन्दैनौ भन्ने थाहा थियो । खैर ! मेरो जीवन अपुरो रहला त्यो सुर्ताको विषय होइन । पीर त मेरो आख्यान अपुरो रहला कि भन्ने हो । मेरा पात्रहरूलाई अलपत्र नपार्नु है ! नत्र मलाई उनीहरूको श्राप लाग्नेछ । ल आऊ एउटा प्रेमिल अङ्गालोमा आलिङ्गन भऔँ । दुश्मनी बिर्सौं । एकदिन फेरि मर्नु त छँदैछ ।

कम अन् ! लेट्स सेलिब्रेट माइ बर्थ डे ! आऊ केक काटौं र विस गरौं यो ज्याद्रो मान्छेलाई जन्मदिनको । ह्याप्पी बर्थ डे टु यु डियर राधिका !

# ए शब्द !



**कविर गौतम**

ए शब्द, मलाई तिम्रो मुहार देखाइदेऊ
मुहार हेरेर कविता लेख्न सकूँ, एउटा सार देखाइदेऊ।
म यसै खोक्रो शब्दहरूलाई कसरी भरूँ ?
तिम्रो आँखाको, तिम्रो ओँठको रङ लेख्न सकूँ
तिम्रो हाँसोदेखि तिम्रो हिँडाइको ढङ्ग लेख्न सकूँ
ए शब्द, मलाई तिम्रो मुहार देखाइदेऊ।

सुन न...
कतिन्जेल तिमीलाई यो ओँठको डिलमा उभ्याएर मात्र राखूँ ?
कतिन्जेल यो मसीको थोपामा तिम्रो छायाँ हेरेर मात्र बाँचूँ?
तिमी त कहिले कसैको गाली भएर मुटुमा बिझ्छौ,
कहिले कसैको ताली भएर कानमा गुञ्जिन्छौ,
तर कहिल्यै ऐना अगाडि उभिएर मलाई हेर्दैनौ।

मलाई तिम्रो त्यो 'छाती' देखाइदेऊ
जहाँ म मेरा सबै नभनिएका दुःखहरू सुताउन सकूँ,
मलाई तिम्रो त्यो 'निधार' देखाइदेऊ
जहाँ म मेरा अधुरा सपनाका अक्षरहरू टाँस्न सकूँ।
तिम्रो एउटा सानो स्पर्श मात्र पाए त
यो बाँझो कागजमा म एउटा सिङ्गो संसार उमार्न सक्थेँ।

ए शब्द !
तिमीलाई 'माया' भनूँ भने तिमी सानो देखिन्छौ,
तिमीलाई 'आकाश' भनूँ भने तिमी टाढा सुनिन्छौ।
मलाई तिम्रो त्यो 'पसिना' देखाइदेऊ
जुन बगेर यो कविताको हरेक हरफ बाँच्न सकोस्,
मलाई तिम्रो त्यो 'आँसु' देखाइदेऊ
जुन झरेर मेरो रित्तोपनको तिर्खा मेट्न सकोस्।

म सोध्छु,
तिमी कुन लयमा हिँड्छौ र मान्छेको मुटु हल्लिन्छ ?
तिमी कुन रङमा घोलिन्छौ र एउटा तस्बिर बोल्दछ ?
मलाई तिम्रो त्यो 'मौनता' को मुहार देखाइदेऊ,
जुन मौनताभित्र हजारौं चिच्याहटहरू गुम्सिएर बसेका छन्।
मलाई तिम्रो त्यो 'एक्लोपन' को ऐना देखाइदेऊ,
जहाँ हेरेर म आफ्नो रित्तोपनलाई चिन्न सकूँ।

ए शब्द !
तिमीले कहिल्यै सोचेका छौ
जब एउटा मान्छे भित्रभित्रै टुटिरहेको हुन्छ,
तब ऊ तिमीलाई नै खोज्दै मन्दिर, मस्जिद र श्मशान पुग्छ।
तिमी कहिले 'प्रार्थना' बन्छौ, कहिले 'चित्कार' बन्छौ,
तर तिम्रो आफ्नै अनुहार चाहिँ कस्तो छ ?
के तिम्रो मुहारमा पनि ती मान्छेका जस्तै चोटका खतहरू छन् ?
के तिमी पनि राति सबै सुतेपछि एक्लै रुन्छौ ?

मलाई तिम्रो त्यो 'काँध' देखाइदेऊ
जहाँ टाउको राखेर यो संसार थाकेको बेला सुत्न सकोस्।
मलाई तिम्रो त्यो 'कोख' देखाइदेऊ
जहाँबाट हरेक नयाँ विचारले जन्म लिन सकोस्।
तिमी त ईश्वर र मान्छे बीचको एउटा 'पुल' हौ,
तर त्यो पुल तर्न खोज्दाखोज्दै म कति पटक नदीमा खसेँ,
मलाई मात्र थाहा छ।

तिमीलाई थाहा छ ?
यो जाबो जीवन त केवल केही सासहरूको थुप्रो मात्र हो,
तर तिमी... तिमी त त्यो सासमा भरिने प्राण हौ।
मलाई तिम्रो त्यो 'सत्य' देखाइदेऊ
जुन सत्य लुकाउन मान्छेले हजारौं झुटो शब्दहरूको खेती गर्छ।
मलाई तिम्रो त्यो 'नग्नता' देखाइदेऊ
जसमा कुनै अलङ्कारको जामा लगाउनु नपरोस्।

ए शब्द !
यदि तिमीले आफ्नो मुहार देखाइदियौ भने
म यो व्याकरणको जेलबाट तिमीलाई मुक्त गरिदिने छु।
म तिमीलाई कुनै पुस्तकको पानामा होइन,
मान्छेको विश्वासमा र समयको पदचापमा लेखिदिने छु।

त्यसैले म अन्तिम पटक बिन्ती गर्छु
मलाई तिम्रो मुहार देखाइदेऊ।
मलाई केवल अक्षर होइन, तिम्रो 'आत्मा' देखाइदेऊ।
नत्र यो कविता केवल मसीको एउटा धब्बा मात्र हुनेछ,
नत्र यो कवि केवल एउटा शब्दविहीन पागल मात्र हुनेछ।

ए शब्द ! मलाई तिम्रो मुहार देखाइदेऊ।

शिक्षक, नवोदय शिशु सदन, हेटौँडा–४

## गाउँखाने कथा

१. बत्तीस जना वारपार, माझमा एउटा सरदार ।
२. छानो छ घर होइन, बोक्न सकिन्छ भारी होइन ।
३. पहाडमाथि छेउकुना ठाउँ ठाउँमा रातो दुना ।
४. खोला तरेको राती गाई, चुलो पुगी भञ्ज्याङ आई ।
५. भूँ–भूँ गर्छ भमरा हैन, जनै लाउँछ बाहुन हैन ।

१ दाँत र जिब्रो, २) छाता, ३) लालीगुँरास, ४) पोते, ५) चर्खा ।

# मेरी आमाका लागि



**सुमन राय**

मेरी आमा आजकल एक्लै हुनुहुन्छ,
म बिना चुपचाप रोइरहनुहुन्छ ।
आफ्नो गन्तव्यतिर त लागेँ म,
तर मन अझै बाटोमै अल्झिएको छ ।

दुनियाँलाई त
म जित्दैछु जस्तो लाग्छ,
तर भित्र–भित्रै कहीँ हराइरहेको छ ।

आमाको यादले सताउँछ हरेक रात,
आँखा आफैं रसाउँछ, शब्दहरू हराउँछन् ।
समय किन यति छिटो बग्छ,
आमाको उमेर भने चुपचाप बढ्छ ।

सौँच्छु–कहिले सबै ठीक होला ?
कहिले फेरि त्यो दिन फर्केला ?
जहाँ आमाको काखमा निश्चिन्त निदाउँथें,
जहाँ हरेक पीडा आफैं हराउँथ्यो ।

मनभरिका कथा पोख्नु छ मलाई,
फेरि उनकै आँचलमा हराउनुछ मलाई ।
यो भागदौडको जिन्दगी छोडेर,
अब त आमासँगै बाँच्नु छ मलाई ।

कक्षा–११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा–२

## शिक्षक आवश्यकता

(सूचना प्रकाशित मिति: २०८३/०१/२५)

उपर्युक्त सम्बन्धमा यस श्री भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)का लागि आवश्यक तपसिलमा उल्लेखित पदहरुमा अंग्रेजी माध्यमका लागि आन्तरिक श्रोतमा खुल्ला प्रतिस्पर्धाबाट करार पदपूर्ति गर्नुपर्ने भएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह/पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३/०८२/०८३ | ग्रेड शिक्षक प्रा.वि. तह | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह परीक्षा उत्तीर्ण गरेको । | अंग्रेजी माध्ययममा पठनपाठन गराउन सक्ने अनुभवी र कम्प्युटर तालिम भएकालाई विशेष प्राथमिकता |
| २ | ४/०८२/०८३ | आया | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट एसइइ वा सो सरह उत्तीर्ण गरेको । | |

**आवश्यक न्यूनतम योग्यता** :
१. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
२. सेवा सुविधा : विद्यालय व्यवस्थापन समितिले तोके अनुसार ।
३. आवेदन फारम दस्तुर : प्रावि तह, ग्रेड शिक्षकको रु ५००।- र आयाका लागि रु ५००।- (बैङ्क भौचर अनिवार्य)
४. परीक्षाको किसिम : लिखित, मौखिक तथा कक्षा अवलोकन
५. आवेदन दिने अन्तिम मिति : २०८३ बैशाख ३१ गते बिहीबार ।
६. सम्पर्क मिति : २०८३ जेठ ०१ गते शुक्रबार ।
७. परीक्षा मिति : सम्पर्क मितिको दिन तय गरिने छ ।

Nepal Bank Limited
Hetauda C.O.
02500100440808000001

**पेश गर्नुपर्ने कागजातहरू** : हस्तलिखित निवेदन, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कामको अनुभव भए सो प्रमाणपत्रको प्रतिलिपि ।
अंग्रेजी भाषा लेखन तथा संचारमा निपूर्ण भएका तथा अध्यापन अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता दिइने छ ।

**थप जानकारीका लागि**
श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौँडा-४, मकवानपुर
सम्पर्क नं. ०५७-५२०४२०, ५९१४३०

## भूमि प्रशासन कार्यालय शिखरकोट मकवानपुरको नामसारी हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

निवेदक: सूचना प्रकाशित मिति: २०८३/०१/२५
ठुलोकान्छा थापा मगर समेत ८ जना जग्गाधनी: बिल बहादुर

जिल्ला मकवानपुर साविक मार्खु गाविस वडा नं. २ हाल इन्द्रसरोवर गाउँपालिका वडा नं. १ बस्ने बिल बहादुर थापा मगरको मिति २०१८ सालमा मृत्यु भएको । बिल बहादुर थापा मगरको एक मात्र श्रीमती सीता थापा मगरको मिति २०१५ सालमा मृत्यु भएको । बिल बहादुर थापा मगर तथा सीता थापा मगरबाट तीन वटा छोराहरु क्रमश: चन्द्र बहादुर थापा मगर, डिल बहादुर थापा मगर, वीर बहादुर थापा मगर र एक छोरी पानमाया थापा मगरको जन्म भएको । पान माया थापा मगर बिबाह भइसकेको, जेठो छोरा चन्द्र बहादुर थापा मगर र निजको एक मात्र श्रीमती रत्नमाया थापा मगरको क्रमश: २०२४ र २०२३ सालमा मृत्यु भएको । निजहरूबाट एकमात्र छोरा साईला थापा भन्ने मोति थापा मगर र एक छोरी शान्ता थापा मगरको जन्म भएको, शान्ता थापा मगर विवाह भइसकेको । मोति थापा मगरको २०७८/१२/०२ मा मृत्यु भएको, निजको एकमात्र श्रीमती केशरीमाया थापा मगर भएको । माइलो छोरा डिल बहादुर थापा मगरको मिति २०२२ सालमा र निजको एक मात्र श्री रमिता थापा मगरको मिति २०२० सालमा मृत्यु भएको, निजहरूको एकमात्र छोरा वीर बहादुर थापा मगरको र निजको एक मात्र श्रीमती बालकुमारी थापाको क्रमश: मिति २०६५/०८/१० र मिति २०६९/०४/१५ गते मृत्यु भएको । वीर बहादुर थापा तथा बालकुमारी थापाबाट दुई छोरा लव थापा मगर र कान्छा थापा मगर भएको लव थापा मगर मिति २०७७/०३/०६ गते मृत्यु भएको, लव थापा मगरको एकमात्र श्रीमती कमला थापा मगर भएको । ज.ध.को कान्छो छोरा वीर बहादुर थापा मगर र निजको एक मात्र श्रीमती विमला थापा मगरको मिति २०३५ र २०३६ सालमा मृत्यु भएको, निजहरूबाट दुई जना छोराहरु टेक बहादुर थापा मगर र काईला थापा मगर जन्म भएको, टेक बहादुर थापा मगरको र निजको एक मात्र श्रीमती मंगलीमाया थापा मगर को क्रमश: मिति २०५१/११/२५ र मिति २०५४/०८/२१ मा मृत्यु भएको, निजहरूको सम्बन्धबाट तीन जना छोराहरु कृष्ण बहादुर थापा मगर, निम बहादुर थापा मगर, सिंह बहादुर थापा मगर र दुई छोरीहरु विमला थापा मगरको र कमला थापा मगरको जन्म भएको छोरीहरु दुवैजना विवाह भइसकेको, कृष्ण बहादुर थापा मगर र निजको एक मात्र श्रीमती पूर्णमाया थापा मगरको क्रमश: मिति २०५४/१०/९ र मिति २०५२/१०/२० मा मृत्यु भएको । निजहरूबाट चार जना छोराहरु सन्त बहादुर थापा मगर, ठुलोकान्छा थापा मगर, सुरेश थापा मगर, निरोज थापा मगर र तीन जना छोरीहरु बस्ती थापा मगर, शान्ति थापा मगर र रिता थापा मगरको जन्म भएकोमा छोरीहरुको विवाह भइसकेको, सन्त बहादुर थापा मगरको मिति २०७४/०४/०१ गते मृत्यु भएको, सन्त बहादुर थापा मगरको एक मात्र श्रीमति अर्पना थापा मगर श्रीमानको मृत्यु पश्चात दोश्रो विवाह गरी गएको, निजहरूबाट कुनै सन्तान नभएको, सुरेश थापा मगरको मिति २०७६/०८/२४ गते मृत्यु भएको । निजको एक मात्र श्रीमती रिता थापा मगर भएको । निम बहादुर थापा मगरको मिति २०८२/०८/०१ गते मृत्यु भएको । निम बहादुर थापा मगरको एक मात्र श्रीमती श्री पदम कुमारी थापा मगर भएको । सिंह बहादुर थापा मगरको मिति २०६१/०६/२३ गते मृत्यु भएको । निजको एक मात्र श्रीमती चन्द्रमाया थापा मगर भएको । काईला थापा मगरको मिति २०३० सालमा र निजको एक मात्र श्रीमति काईली थापा मगरको मिति २०३१ सालमा मृत्यु भएको । निजहरूबाट एक छोरा गोपाल थापा मगरको जन्म भएको । गोपाल थापा मगरको मिति २०५६/०६/१२ गते र निजको एकमात्र श्रीमती सानु माया थापा मगरको मिति २०४५/१०/२० गते मृत्यु भएको, निजहरूबाट एक मात्र छोरी सुनिता थापा मगरको जन्म भएकोमा निजको बिबाह भइसकेको । मृतक ज.ध.को शेषपछि हक खाने हकदारहरूको नाममा बिल बहादुर थापा मगरको नाममा दर्ता रहेको साविक मार्खु गाविस वडा नं. ६ कि.नं. १३७ को क्षेत्रफल ३-६-०-० को जग्गा संयुक्त नामसारीको लागी इन्द्रसरोवर गाउँपालिका वडा नं. १ को सर्जमिन मुचुल्कासहित सिफारिस पत्र साथ निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित कित्ता जग्गामा माथि उल्लेखित हकदार बाहेक अन्य हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा नामसारी हुन नपर्ने अन्य कुनै कारण भए सवुत प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा सप्रमाण उजुर-बाजुर गर्न आउनु होला अन्यथा कानून बमोजिम निवेदकहरूको नाममा नामसारी भई जाने व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# साताको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी सम्पर्क : ९७४५०२८५५५

**मेष राशि** : समय मिश्रित फलदायी छ । कर्तव्यप्रति सचेत हुने तथा जिम्मेवारी बोध हुने राम्रो समय छ । कामका माध्यमबाट लाभ लिन सकिने छ । समाजसेवा र राजनीतिका क्षेत्रबाट मान सम्मान पाइएला । महत्वाकांक्षा सिद्ध हुने समय छ । प्रतिष्ठा र धनधान्यमा वृद्धि होला । अहंकार र आडम्बरबाट जोगिँदा राम्रो रहन्छ । परिबन्ध र धनधान्यमा रुमल्लिनु पर्ला । अध्ययन/अध्यापन ठिकै रहने योग छ ।

**वृष राशि** : मातापिताको चित्त बुझाउन लागि परिएला । अल्छीपनले कार्यमा बाधा व्यवधान आइपर्ने छ । शरीर फूर्तिलो र रोकिएको कामहरु बन्ने योग छ । धार्मिक तथा आध्यात्मिक गतिविधिमा मन जाने छ । सहयोग र तत्परता देखाइने समय योगछ । खर्चमा अचानक वृद्धि हुने समय छ । बुद्धिकौशलको प्रयोगले लाभ प्राप्त होला ।

**मिथुन राशि** : अप्ठ्यारो र झन्झटिलो मार्गमा अघि बढ्ने समय छ । कामको परिणाम भने लाभदायी हुनेछ । विवादमा पछि हट्दा राम्रो रहने छ । उद्देश्यको मूल्यांकन र परिमार्जन गर्ने समय योग छ । चिन्ता/शंका र डरले मनमा सताउला । आध्यात्मिक गतिविधिमा सहभागिता बढ्ला । आपसी सहमतिमा कमजोरी देखापर्न सक्छ । गोपनियता बाहिरीनाले अप्ठ्यारो पर्न सक्छ ।

**कर्कट राशि** : शरीर स्वस्थ र बुद्धि निर्मल रहला । अनुराग, स्नेह र रोमाञ्चकता बढ्ने छ । कामहरु सजिलै सम्पादन होलान् । व्यापार/व्यवसाय ठिकै रहने । आध्यात्मिक क्षेत्रबाट लाभ प्राप्त । प्रविधिको प्रयोगबाट लाभ उठाउन सकिने छ । आर्थिक पक्ष र घरायसी वातावरणमा भने उतारचढाप आइपर्ला । सिर्जनात्मक काम, कला साहित्यमा मन जाने समय योग देखिन्छ ।

**सिंह राशि** : मनमा शान्ति र सन्तोषको अनुभूति हुनसक्छ । रिस, आवेग र क्रोध नियन्त्रण गर्दा राम्रो रहने छ । पुरानो विवाद अन्त्य हुनेछ । घर व्यवहारमा संयमता अपनाउनुपर्ने छ । कमजोरी विचार पुऱ्याउनुपर्ला । व्यक्तित्व विकास होला । घमण्ड र जिद्धीपन त्याग गर्दा राम्रो । अर्कोको कुरा नसुन्दा राम्रो । एकोहोरिएर शिक्षा दीक्षामा नलाग्दा राम्रो ।

**कन्या राशि** : भावुक र संवेदनशील बन्न सकिने छ । बौद्धिक क्षमता र सीप बढाइने योग छ । परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला । व्यापार/व्यवसायबाट लाभ प्राप्त होला । बानी र कडापन त्याग गर्दा राम्रो । इच्छा पूर्ण हुने समय छ । पढाइप्रति तेजस्वी जाग्ला । बोली र व्यवहारमा नम्र रहादा राम्रो । पुरस्कार प्राप्त हुने समय योग छ ।

**तुला राशि** : आक्रामक व्यवहारले आफन्तमा गलत प्रभाव पर्ला । मित्रले समेत आलोचना गर्लान् । क्रोध र उद्वेगमा नियन्त्रण गर्दा राम्रो । भोगविलासका सामग्रीप्रति मन जाला । आपसी विचार विमर्शमा खाडल बढ्ला । कुरा काट्नेदेखि सजगता अपनाउँदा राम्रो । छात्राछात्रको लागि पढाइ विचलनमा आउला । खर्चमा वृद्धि हुनेछ । गोपनियता भंग होला ।

**वृश्चिक राशि** : बन्धुबान्धवबाट सुख प्राप्त होला । काम सम्पादन हुनेछ । आध्यात्मिक क्षेत्रमा मन जाला । घुमघाम र रामरमाइलोमा समय बित्ला । व्यापार/व्यवसाय मध्यमकारक छ । कडा परिश्रमको उत्कृष्ट नतिजा हातपर्ला । प्रतिष्ठा र पदोन्नति हुन सक्छ । पारिवारिक जमघट र भोजभतेरमा सरिक बनिएला । शिक्षादीक्षा मध्यमकारक मान्नुपर्दछ ।

**धनु राशि** : कसैको मन नदुखाउने समय योग छ । व्यापार/व्यवसाय मध्यमकारक मान्नुपर्दछ । नकारात्मक प्रतिक्रियामा विचार पुऱ्याउँदा राम्रो । ठूलावडाको सहयोग प्राप्त होला । खर्च बढ्ने समय छ । पढाइ/लेखाइ ठिकै छ । सानो प्रयासले भाग्योदयमा टेवा पुग्ला । बोलीमा र व्यवहारमा विचार पुऱ्याउँदा राम्रो रहने छ । अरुको काममा समय बित्ला ।

**मकर राशि** : निर्णय क्षमतामा वृद्धि होला । मनमा रचनात्मक क्षमताको विकास होला । नयाँ काममा हात हाल्दा राम्रो । घमण्ड र जिद्दीपनसँग सजगता अपनाउँदा राम्रो । सानो कुरामा विवाद बढ्ला । शिक्षार्थीमा उच्छृङ्खलता बढ्ला । हिम्मतले सफलता प्राप्त होला । अर्कोको उक्साहटबाट बच्दा राम्रो । धार्मिक कृत्यमा सरिक भइनेछ ।

**कुम्भ राशि** : परिबन्ध र बाध्यताका काममा खर्च बढ्ला । मान/प्रतिष्ठा सम्मानमा आघात आइपर्ला । जोखिम र रिस्कमा कुनै काम नगर्दा राम्रो । जिम्मेवारीप्रति हेलचेक्रयाइ नगर्दा राम्रो । परोपकार र धार्मिक कृत्यमा सरिक भइने समय योग देखिन्छ । पढाइ/लेखाइ मध्यमकारक नै मान्नुपर्दछ । आत्मीयजनसँग सजगता अपनाउनुपर्ला ।

**मीन राशि** : समय मध्यमकारक छ । सहकर्मीको सहयोग प्राप्त होला । धार्मिक एवम् सामाजिक अनि परोपकारजन्य क्षेत्रका कामबाट लाभ प्राप्त होला । लगानी र कारोबारप्रति सचेतता अपनाउनुपर्ला । पढाइ/लेखाइ मध्यमकारक रहने समय योग छ । संस्कार र संस्कृतिका बारेमा समेत सिकाउने समय योग छ । व्यापार/व्यवसाय मध्यमकारक मान्नुपर्दछ ।



# हेटौँडा क्याम्पस बागमती विश्वविद्यालयको आंगिक क्याम्पस



बागमती विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रुपान्तरित भएको सन्दर्भमा जानकारी दिनुहुँदै हेटौँडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुली

समाज संवाददाता

हेटौँडा : हेटौँडा-४ स्थित हेटौँडा क्याम्पस बागमती विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा स्थापित भएको छ । यसअघि समुदायको सक्रियतामा सञ्चालित हेटौँडा क्याम्पस बागमती विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रुपान्तरित भएको हो ।

हेटौँडा क्याम्पसले शुक्रबार पत्रकार सम्मेलन गरेर बागमती विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा पठनपाठन सुरुवात गरिसकेको जानकारी दिएको छ । पत्रकार सम्मेलनमा क्याम्पस प्रमुख देवचन्द्र मानन्धरले स्थानीयस्तरमै गुणस्तरीय तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रयास गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार चालु शैक्षिक सत्रबाट व्यवस्थापन, कानून र शिक्षाशास्त्र संकायका कार्यक्रम सञ्चालन गरिएको र आगामी दिनमा होटल व्यवस्थापन तथा सूचना प्रविधिसम्बन्धी कार्यक्रम सञ्चालन गरिने बताउनुभयो । सूचना प्रविधिसम्बन्धी स्नातक कार्यक्रममा सफ्टवेयर निर्माण, डाटाबेस व्यवस्थापन, नेटवर्किङ तथा साइबर सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरिने क्याम्पस प्रमुख मानन्धरको भनाइ छ ।

शिक्षाशास्त्रअन्तर्गत स्नातक तहको कार्यक्रमलाई आधुनिक तथा प्रविधिमैत्री बनाइएको जनाउँदै क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीले स्थानीयस्तरमै गुणस्तरीय शिक्षा उपलब्ध हुँदा विद्यार्थीको बाहिरिने क्रम कम हुने र दक्ष जनशक्ति उत्पादनमा सहयोग पुग्ने बताउनुभयो ।

# सालको काठसहित गाडी नियन्त्रणमा

समाज संवाददाता

हेटौँडा : मकवानपुर प्रहरीले अवैध सालको काठसहित एउटा गाडी नियन्त्रणमा लिएको छ । शुक्रबार बिहान १ बजेर ४० मिनेटको समयमा विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले चौघडाबाट हेटौँडातर्फ आउँदै गरेको बा २० च १८६१ नम्बरको योद्धा गाडीलाई हेटौँडा-५ क्याम्पाडाँडामा रोकी सुरक्षाजाँच गर्न खोज्दा फरार भएको थियो ।

प्रहरी टोलीले गाडीलाई पछ्याउँदै हेटौँडा-२, सानोपोखराचोकस्थित भित्री सडक खण्डबाट नियन्त्रणमा लिएको थियो । तर चालक भने घटनास्थलबाट फरार भएका छन् । गाडीको जाँचका क्रममा त्रिपालले छोपेर लुकाइ ल्याएको ४१ थान सालको काठ बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद काठको परिमाण ७२.५९ क्युफिट रहेको छ । प्रहरीले काठसहित गाडी नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा थप कारबाहीका लागि डिभिजन वन कार्यालय हेटौँडा पठाएको जनाएको छ । चालकको खोजी भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# बुद्ध माविमा अभिभावक भेला

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१२, पान्तलेस्थित बुद्ध माध्यमिक विद्यालयको ५९औँ अभिभावक भेला शुक्रबार सम्पन्न भएको छ । भेलाले विद्यालयको नयाँ व्यवस्थापन समिति पनि गठन गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रबहादुर घलानको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य रहेको थियो । वडा अध्यक्ष अर्जुनप्रसाद तिवारीको पनि आतिथ्य रहेको अभिभावक भेलाले भक्तलाल घलानको अध्यक्षतामा विद्यालय व्यवस्थापन समिति गठन गरेको छ । समितिको सदस्यमा बारुदेव कँडेल, विष्णुमाया घलान र तीर्थकुमारी सुनार चयन हुनुभएको छ ।

वडाअध्यक्ष अर्जुनप्रसाद तिवारी पदेन सदस्य रहनुभएको छ भने शिक्षक प्रतिनिधिका रूपमा मिना लामा चयन हुनुभएको विद्यालयले जनाएको छ । कार्यक्रममा अभिभावक, शिक्षक, स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# ३० जनाले रक्तदान गरे

हेटौँडा : विश्व रेडक्रस दिवसको अवसरमा रक्तदान कार्यक्रम भएको छ । शुक्रबार हेटौँडा एकेडेमीमा भएको रक्तदान कार्यक्रममा ३० जनाले रक्तदान गरेको रक्तसंचार केन्द्र हेटौँडाका प्राविधि किशोर सापकोटाले जानकारी दिनुभयो ।

# संस्कृत गुरुकुलको नयाँ भवन उद्घाटन

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१८, हर्नामाडीस्थित वैदिक संस्कृत गुरुकुलमका लागि निर्माण गरिएको नयाँ तीन कोठे पक्की भवन उद्घाटन गरिएको छ । हेटौँडा उपमहानगरपालिकाको ८ लाख रुपैयाँ तथा वडा नम्बर-१८ को २० लाख रुपैयाँ लागत सहयोगमा निर्माण गरिएको भवन एक कार्यक्रमबीच उद्घाटन गरिएको हो ।

वैदिक वानप्रस्थ आश्रमअन्तर्गत सञ्चालित गुरुकुलमा हाल कक्षा ६ देखि ८ सम्म अध्ययन हुँदै आएको छ । २०८१ सालदेखि कक्षा ६ बाट सुरु गरिएको गुरुकुलमा अहिले ३० जना विद्यार्थी अध्ययनरत रहेको गुरुकुल व्यवस्थापनले जनाएको छ । गुरुकुलमा भर्ना हुन कक्षा ५ उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था रहेको छ । गुरुकुलले निःशुल्क शिक्षा प्रदान गर्दै आएको छ । सञ्चालनका लागि स्वेच्छिक दान, चन्दा तथा स्थानीय सहयोगमा निर्भर रहँदै आएको गुरुकुलका शिक्षकहरूको तलब व्यवस्थापन भने हेटौँडा-१८ वडा कार्यालयले गर्दै आएको जनाइएको छ ।

भवन उद्घाटन कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाकी नगरप्रमुख मीना कुमारी लामा प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो भने वडा अध्यक्ष अनिलकुमार बानियाँ विशिष्ट अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रम विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष सीता विष्टको सभाध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा वैदिक वानप्रस्थ आश्रमका पदाधिकारी, स्थानीय जनप्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि तथा विभिन्न सामाजिक व्यक्तित्वहरूको सहभागिता रहेको थियो । गुरुकुल व्यवस्थापनका अनुसार आगामी दिनमा पञ्चतत्व पार्क, गौशाला, जडीबुटी उद्यान, फलफूल उद्यान तथा प्राकृतिक चिकित्सालय निर्माण गर्ने दीर्घकालीन योजना अघि बढाइएको छ ।

# घाइते भुजेलको मृत्यु

समाज संवाददाता

हेटौँडा : दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-८, बोचमा सिँढीबाट लडेर गम्भीर घाइते भएका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा ४२ वर्षीय बलबहादुर भुजेल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

वैशाख ७ गते साँझ ६ बजेको समयमा स्थानीय प्राप्ती खाजाघरको सिँढीबाट लडेर भुजेल गम्भिर घाइते भएका थिए । मादक पदार्थ सेवन गरेको अवस्थामा लडेका भुजेलको बायाँ कानमा गम्भीर चोट लागेको थियो । घाइते भुजेललाई पशुपति चौलागाईं स्मृति अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि काठमाडौं लगिएको थियो । बिहीबार बिहान ११ बजेको समयमा आफ्नै घरमा उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ६३.४ मेगाहर्ज सुनौं र सुनाऔं

**फुल फर्निस्ड सटर विक्रीमा**

**हेटौँडा-४, हेटौँडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर विक्रीमा रहेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।**

सम्पर्क : ९८४५१-२७०३८

## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडाको
## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

*(चौथो पटक सूचना प्रकाशन मिति : २०८३/०१/२५)*

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको हेटौँडा-१०, टि.सि.एन. चौरमा निर्माणाधीन बेसिक साइन्स भवन र सो हाता भित्र निर्माण हुने प्रिफ्याब भवन परिसरभित्र रहेका जोखिमयुक्त मसलाका रुखहरू कटान सम्पन्न भएको र प्राप्त गोलिया थान १९६ को ७५६.३७ क्यू.फि. काठ तथा १.५ (२०'८५'८५') चट्टा दाउरा घाटगद्दीमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना चौथो पटक प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भई सूचीकृत र अद्यावधिक भएका इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८३/०१/३१ गते) भित्र सिलबन्दी बोलपत्र खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ साथै प्रतिष्ठानको वेबसाइट www.mbahs.edu.np मा समेत राखिएको छ ।

रजिष्ट्रारको कार्यालय

## शिक्षक आवश्यकता

*(सूचना प्रकाशित मिति : २०८३/०१/२५)*

यस ज्ञानदा माध्यमिक विद्यालय हेटौँडा-१० मा अङ्ग्रेजी माध्यमतर्फ अध्यापनका लागि तपसिल बमोजिमको निजीस्रोत करार शिक्षक आवश्यक भएकोले सूचना प्रकाशित भएको मितिले १० दिनभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१) विज्ञापन नं. ०१/२०८२/२०८३
२) शिक्षक : आधारभूत तह (निमावि)
३) विषय : विज्ञान/गणित
४) मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान र गणित विषयमा १२ कक्षा वा सो सरह उत्तीर्ण ।

**आवश्यक अन्य योग्यता** :
५) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६) सेवा सुविधा : विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार ।
७) आवेदन फारम दस्तुर : रु. १००० (एक हजार रुपैयाँ)
८) परीक्षाको किसिम : लिखित, मौखिक र कक्षा अवलोकन ।
९) सम्पर्क मिति : २०८३/०१/०४ गते बिहान १० बजे ।

**आवश्यक कागजात** : हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यक तालिम प्रमाण पत्रको प्रतिलिपि ।

**नोट** : नेपाल बैंक लिमिटेड, सिटि अफिस, हेटौँडामा रहेको चल्ती खाता नं.०२५००१००४४०९०६०००००१ मा आवेदन दस्तुर बुझाएको रसिद संलग्न गरी इमेलबाट पनि आवेदन दिन सकिनेछ ।
थप जानकारीका लागि सम्पर्क : ०५७-५२१३५७, ९८४५०३१९१५
इमेल gyanadamai@gmaiil.com

प्रधानाध्यापक
ज्ञानदा माध्यमिक विद्यालय
हेटौँडा-१०, मकवानपुर

## मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.
हेटौँडा-४, मकवानपुर

## तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने १५ दिने सार्वजनिक सूचना

*(दोश्रो पटक सूचना प्रकाशित मिति : २०८३/०१/२६)*

यस मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. हेटौँडा-४ बाट ऋण लिई कारोबार गर्ने तपशिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जा वापत बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुर समेतको रकम भाखाभित्र नबुझाई, नतिरी कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेको बारम्बार ताकेता तथा व्यक्तिगत सम्पर्क राखी ऋण तिर्न जानकारी गराउँदा समेत ऋणीले ऋण तिर्न वास्ता नगरेको हुँदा संस्थाबाट मिति २०८१/१२/१७ गते ऋणीहरुलाई कर्जाको साँवा, व्याज भुक्तानी गर्न ३५ दिने सूचना प्रकाशित गरिसकेको र कुनैपनि ऋणीहरु सम्पर्कमा नआएको हुँदा दोस्रो पटक यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र संस्थालाई बुझाउनु पर्ने बाँकी रहेको रहेको सम्पूर्ण साँवा, व्याज दस्तुर समेतको रकम बुझाई कर्जा चुक्ता गर्नुहोला अन्यथा तपाई ऋणीहरुले सुरक्षण वापत लेखी-लेखाई दिनु भएको चल-अचल सम्पत्ति सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ बमोजिम लिलाल बिक्री गरी कर्जा असुल उपर गरिने छ । साथै लिलाम बिक्रीबाट कर्जाको साँवा, व्याज तथा हर्जाना असुलउपर नभएमा ऋणी स्वयम् र जमानत दिने व्यक्तिहरुको चल-अचल सम्पत्तिबाट कानूनबमोजिम असुल उपर गरिने हुँदा धितो तथा जमानी दिनुहुने महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | कर्जा नं. | ऋणीको नाम थर ठेगाना | धितो जमानी दिने नाम/ठेगाना | धितोको विवरण |
|---|---|---|---|---|
| १. | व्यापार कर्जा ७१/८६१६/३ | नाम : हरि प्रसाद भण्डारी<br>बाबुको नाम : देवीप्रसाद भण्डारी<br>बाजेको नाम : बलभद्र भण्डारी<br>ना.प्र.प.नं. : ८५२४९७६ गुल्मी<br>ठेगाना : साविक गुल्मी हंगा-७<br>हाल : हेटौँडा-९ | नाम : सीता सुवेदी (भण्डारी)<br>बाबुको नाम : शिवलाल सुवेदी<br>पतीको नाम : हरिप्रसाद भण्डारी<br>ना.प्र.प.नं. : ४१/१०१८/९६००७<br>ठेगाना: साविक गुल्मी हंगा-७,<br>हाल : हेटौँडा-९ | सीता (सुवेदी) भण्डारीको नाममा दर्ता रहेको जि.म. हे.उ.म.न.पा. वडा नं. ९ को कि.नं. ९६०१ को क्षेत्रफल ०-०-७ धुर जग्गा । |
| २. | व्यापार कर्जा ७१/९३३४/९ | नाम : कृष्ण बहादुर घिसिङ<br>बाबुको नाम : मान बहादुर घिसिङ<br>बाजेको नाम : हस्त बहादुर घिसिङ<br>ना.प्र.प.नं. : ४२/४७० मकवानपुर<br>ठेगाना : साविक नामटार-६,<br>हाल हेटौँडा-२ | | निजको नाममा दर्ता भई जिल्ला मकवानपुर नामटार वडा नं. ४ को कि.नं. १४२३ को क्षेत्रफल ०-१०-२-२ रोपनी जग्गा । |
| ३. | व्यापार कर्जा ७१/९४८०/७ | नाम : विष्णु प्रसाद ढकाल<br>बाबुको नाम : बद्री प्रसाद ढकाल<br>बाजेको नाम : यज्ञ प्रसाद ढकाल<br>ना.प्र.प.नं. : ३१/२१६<br>ठेगाना : हेटौँडा-५ | नाम : डिल कुमारी अर्याल<br>बाबुको नाम : ओम प्रसाद अर्याल<br>ना.प्र.प.नं. : ४/१७८ धादिङ<br>ठेगाना : हेटौँडा-५ | निज विष्णु प्रसाद ढकाल र डिल कुमारी अर्यालको संयुक्त नाममा दर्ता रहेको जि.म. हे.उ.म.न.पा. वडा नं. ११ को कि.नं. ११३६१ को क्षेत्रफल ०-०-११.५० धुर जग्गा । |

व्यवस्थापक




**डँढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं**

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

**डिभिजन वन कार्यालय**
**हेटौँडा, मकवानपुर**

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााँझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

**थप जानकारीको लागि HRL**

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

**हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७**




Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।